# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या १० | २०७७ कार्तिक ५ गते | विक्री मुल्य रू. ० ।००


## भाग ३

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७ ।०७ ।०३*

# विदुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०७७

# विदुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०७७

**प्रस्तावनाः**

विदुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०७७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, विदुर नगरपालिकाले देहायको संशोधन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलिको नाम विदुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७७ रहेको छ ।**

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विदुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७७ को दफा ८ मा थपः**

विदुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७७ को दफा ८ मा नियम (ट) पछि नियम (ठ) र (ड) देहाय बमोजिम थप राखिएको छः

(ठ) कुखुरा तथा बंगुर पालन व्यवसायको हकमा थप तपशिल कागजात आवश्यक पर्नेछ ।

(१) कुखुरा व्यवसायको हकमा मुख्य राजमार्गको क्षेत्राधिकार भन्दा कम्तीमा २०० मिटर टाढा हुनु पर्नेछ । बंगुर व्यवसायको हकमा मुख्य राजमार्गको क्षेत्राधिकार भन्दा कम्तीमा ३०० मिटर टाढा हुनु पर्नेछ ।

(२) घनावस्तीबाट कुखुराको हकमा २०० मिटर टाढा तथा बंगुर पालनको ५०० मिटर टाढा हुनुपर्नेछ ।

(३) शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वका स्थानहरुबाट ५०० मिटर टाढा हुनुपर्नेछ ।

(४) व्यवसाय दर्ता हुनुपुर्व ७ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(५) १०,००० हजार भन्दा बढी कुखुरा पालन व्यवसाय गर्नु परेमा I.E.E. गर्नुपर्नेछ ।

(६) खोला तथा पानीको मुहानमा कुनै पनि किसिमको प्रदुषण, हानी नोक्सानी लगायतका असर गर्न नपाईने ।

(७) घनावस्ती बाहेकको क्षेत्रहरुमा (ग्रामिण वस्तीहरुमा) १००० भन्दा कम संख्याको कुखुरा पालन व्यवसाय सञ्चालन हुने स्थानबाट कम्तीमा १०० मिटर वरपरका घरधनीहरुको सहमति अनिवार्य हुनपर्ने । तर १००० भन्दा बढी कुखुरा पालन व्यवसायको हकमा ३०० मिटर टाढा हुनुपर्नेछ । बंगुर व्यवसायको हकमा ३०० मिटर दुरी कायम गर्नुपर्ने छ ।

(ड) फर्निचर उद्योगका हकमा थप तपशिल कागजात आवश्यक पर्नेछ ।

(१) डिभिजन/जिल्ला वन कार्यालयको सहमति पत्र ।

(२) फर्निचर उद्योगले काठको श्रोत खुलाउनु पर्ने ।
(३) ८ इन्च भन्दा माथीको बेन्च सह प्रयोग गर्न नपाइने
(४) प्रमाणितका लागि बेन्च-सह भन्दा ठुलो प्रयोग गर्न नपाउने ।
(५) वनक्षेत्रभन्दा ५०० मिटर टाढा हुनु पर्ने ।
(६) चारै दिशाका सधिँयारको सहमति अनिवार्य हुनुपर्ने ।
(७) व्यवसाय दर्ता हुनुपुर्व ७ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(ढ) घरेलु ढुंगा कुट्ने उद्योगका हकमा थप तपशिल मापदण्ड आवश्यक पर्नेछ ।

(१) स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११को उपदफा २ (७) को व्यवस्था बमोजिम ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुंगा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्नुपर्ने,
(२) घरेलु तथा हाते ओजर प्रयोग गर्ने,
(३) दैनिक बढीमा १५० सेफ्टी उत्पादन गर्ने,
(४) मेशिनरी औजार प्रयोग गर्ने भए २० किलोवाटसम्म मात्र विद्युत खपत गर्ने मेशिन प्रयोग गर्न पाइने,
(५) वातावरण प्रदुषण र पर्यावरण विग्रने खालको क्रियाकलाप गर्न पाइने छैन ।
(६) स्थानीय पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र चारै दिशाका सधिँयारको मन्जुरीनामा अनिवार्य गर्नुपर्ने
(६) देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ ।

| क.सं. | विवरण | कायम दुरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको क्षेत्राधिकारबाट | १०० मिटर |
| २ | खोला वा नदी किनारबाट | १०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | ३०० मिटर |
| ४ | पक्की पुलबाट | १०० मिटर |
| ५ | वन, निकुञ्ज तथा आरक्षबाट | १०० मिटर |
| ६ | घना वस्तीबाट | २०० मिटर |
| ७ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | १०० मिटर |

(ण) वर्कसप दर्ताको लागि आवश्यक कागजातहरु

माथि उल्लेखित शर्तनामाको अतिरिक्त तपशिल बमोजिमको थप शर्त तथा मापदण्डहरु पुरा गर्नुपर्नेछ ।

- सात दिनको सार्वजनिक सूचना

- मुख्य राजमार्गबाट २०० मिटर टाढा हुनुपर्ने
- घना वस्ती भित्र उद्योग स्थापना गर्न नमिल्ने
- अहिलेको अवस्थामा जुनसुकै स्थानमा स्थापना भएता पनि अटो भिलेज स्थापना पश्चात उक्त स्थानमा स्थानान्तरण गर्नुपर्ने छ । (विशेष शर्त)

**(ण) वालुवा प्रशोधन उद्योग (फिरफिरे) सञ्चालन अनुमति सम्बन्धमा**

नगरपालिका भित्र संघीय, प्रदेशिक वा स्थानीय तहबाट सञ्चालन हुने विभिन्न किसिमका विकास निर्माण कार्य, साथसाथै भूकम्प पिडितलाई घर निर्माणको लागि निर्माणजन्य सामाग्री वालुवा अत्यावश्यक वस्तु भित्र पर्ने हुँदा उक्त सामाग्री प्रशोधन गर्न माथि उल्लेखित खानी विकास समितिले आयोजना अवधिभर रहने गरि वालुवा प्रशोधन उद्योग सञ्चालन गर्न अनुमति प्रदान गर्न तल उल्लेखित मापदण्ड पालना गर्नुपर्नेछ ।

**साधारण निर्माणमुखी वालुवाको प्रशोधन तथा विक्री वितरणको अस्थायी अनुमतिको लागि निवेदन दिनुपर्ने :** (१) निजी हकभोग तथा स्वामित्वको जग्गाबाट कच्चा पदार्थ उत्खनन गर्ने अनुमति प्राप्त पश्चात वा ईजाजत प्राप्त खानीबाट वालुवा निकाली प्रयोग तथा विक्री वितरण चाहने व्यक्तिले देहाय बमोजिम कागजात वा विवरण उल्लेख गरी नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(क) समग्र उद्योग संचालनको लागि संकलन र प्रशोधनको कार्य गर्न कम्तिमा १० रोपनी जग्गा भएको प्रमाण वा अरुको हकको जग्गा भए सम्बन्धीत जग्गाधनिको नागरिकता र जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी सहित भोगचलनको लागि प्रयोगमा लिएको मन्जुरीनामा वा सम्झौता पत्र ।

(ख) चार किल्ला सँधियारको विवरण र सहमति पत्र,

(ग) फिल्ड नक्सा, ट्रेस नक्शा, ब्लु प्रिन्ट नक्सा

(घ) नागरिकताको प्रमाणित प्रतिलिपी

(ङ) आफूले संकलन गर्न लागेको परिमाणको विवरण

(च) सम्बन्धित वडाको सिफारिसपत्र ।

(छ) आयोजना संचालन अनुमति पत्रको प्रतिलिपी (आयोजनाको हकमा)

(ज) देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ ।

| क्र.सं. | विवरण | कायम दुरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको क्षेत्राधिकारबाट | २०० मिटर |
| २ | खोला वा नदी किनारबाट | २०० मिटर |
| ३ | शिक्षण संस्था, स्वासथ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ किलोमिटर |

| | | |
|---|---|---|
| ४ | पक्की पुलबाट | २०० मिटर |
| ५ | वन, निकुञ्ज तथा आरक्षबाट | २०० मिटर |
| ६ | घना वस्तीबाट | ५०० मिटर |
| ७ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | २०० मिटर |

**(२) संकलन र प्रशोधन कार्य गर्दा पालना गर्नुपर्नेः**

संकलन र प्रशोधन कार्यको लागि अनुमति पाउने उद्योगले पालना गर्नुपर्ने शर्तहरु देहाय बमोजिम हुनेछ ।

(क) संकलन प्रशोधन उद्योग वस्ति, वन, खानेपानीको मुहान, मुलसडक, नदी खोला पुल, विद्यालय र सार्वजनिक संरचनाबाट तोकिएको दुरिमा हुनुपर्नेछ ।

(ख) साधारण निर्माणमुखी सामाग्री संकलन गरी सोको विक्री पछि जोखिम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्बन गर्नुपर्नेछ ।

(ग) उद्योग संचालन गर्न अनुमति प्राप्त भएपछि धरौटी वापत रु. २,००,०००।०० अक्षेरेपी रु. दुई लाख) विदुर नगरपालिकाको खातामा जम्मा गर्नुपर्ने र उक्त धरौटी अस्थायी अनुमति अवधि समाप्त वा व्यवसाय बन्द भएको मितिले जोखिमको अवथा अनुसार कम्तिमा ६ महिना पछि मात्र फिर्ता गर्नुपर्नेछ । तर तोकिएको शर्त अनुसार कार्य नगरी उलंघन गरेको ठहरेमा नियमानुसार जरिवाना रकम सोही धरोटीबाट कट्टा गरी व्यवसाय बन्द गर्न सकिनेछ ।

(घ) सार्वजनिक जग्गाको सिमानाबाट कम्तिमा ५० मी. दुरी सम्ममात्र प्रशोधन उद्योग राख्न पाइनेछ ।

(ङ) बालुवा तथा साधारण निर्माणमुखी सामाग्रीको बजार मुल्य “साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७” को दफा ३(ख) बमोजिम हुनेछ । प्रचलित बजार दर समेतलाई ध्यान राखी नगर कार्यपालिकाले अधिकतम विक्री दररेट तोक्न सक्नेछ । यसरी तोकिएको दर रेटलाई सम्बन्धीत अनुमति प्राप्त उद्योगले उल्लेखित कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

(च) अनुमति प्राप्त उद्योगले सो निर्माण जन्य सामाग्री एवं संकलन गर्दा विदुर नगरपालिकाले तोके बमोजिम विक्री शुल्क विदुर नगरपालिकालाई बुझाउनु पर्नेछ ।

(छ) साधारण निर्माणमुखी सामाग्री विक्री वितरण गर्दा अनुमति प्राप्त उद्योगले पहिलो प्राथमिकता विदुर नगरपालिका वासीलाइ दिनुपर्नेछ ।

(ज) अनुमति प्राप्त गर्न माग गर्ने उद्योगले प्रशोधन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पाँगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित व्यवस्थापन गर्नु पर्नेछ । साथै सोबाट निस्कीएको फोहोर पानिलाई आवश्यक ट्रिटमेन्ट प्लान्ट मार्फत सफा गरे पश्चात मात्र स्थानीय नदी, खोला, खोल्सामा खसाल्ने व्यवस्था गर्नुपर्नेछ ।

(झ) संकलन तथा प्रशोधन स्थलबाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न गराउन पाइने छैन ।

(ञ) संकलन तथा प्रशोधन गरिएको सामान्य निर्माणमुखी वालुवा जस्ता पदार्थ स्थानीय तहबाट इजाजत पत्रमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न पाइने छैन ।

(ठ) संकलन एवं प्रशोधन अनुमति माग गर्ने उद्योगले व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निकारण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

प्रमाणिकरण मितिः २०७७।०७।०५

**आज्ञाले**

सुदेव कुमार पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

विदुर नगरपालिका कार्यालय